खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होम पेज（https://www.kian.or.jp/hlkwsk.html）मा हेर्नुहोस् ।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000　फ्याक्स नं:044-435-7010　https://www.kian.or.jp/ ईमेल：kiankawasaki@kian.or.jp

★ प्रवेश निःशुल्क, आवेदन भने दिनुपर्नेछ !
★ प्रशासनिक अधिकृतद्वारा निःशुल्क सल्लाह पनि लिन सक्नु हुनेछ।
★ अनवाद गरिन्छ।

## बिदेशमा जोडिने बच्चाहरुको लागि
## उच्च विद्यालयमा प्रवेश गर्नु अघिको सल्लाह




खानागावा प्रिफेक्चरको सार्वजनिक हाई स्कूलमा प्रवेश गर्न आवश्यक जानकारी प्रदान गरिनेछ।

मिति　: **२०२३ साल नोबेम्बेर १८ (सोम･बिदाको दिन) 13:00～16:00** १३:००～१६:००　(आउने समय कन्फर्म गरिन्छ।)
स्थान　: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र हल
आवेदन दिने समय : सेप्टेम्बर २ सम्म **https://hsguide.me-net.or.jp/reservations**
योग्यता : माध्यमिक वर्ष ३ को विद्यार्थी , अभिभावक
उपस्थित हुन मिल्ने संख्या: उच्च विद्यालय प्रवेशको जानकारी प्राप्त गर्न गाह्रो हुने घरपरिवारहरू २४ परिवारसम्म (एक परिवारबाट ३ जना सम्म)
बिषय　: हाई स्कूलको परिचय तथा अरु पनि विभिन्न कुराहरुमा सल्लाह दिइनेछ।
सम्पर्क : koko@mcajp.com मा जापानीज, अंग्रेजी तथा रोमन टेक्स्टमा मेल गर्नु होला।
आयोजक　: बहुसांस्कृतिक गतिविधि सम्पर्क परिषद
共催　: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, खानागावा प्प्रिफेक्चर बोर्ड अफ एजुकेशन
प्रमाणीकरण NPO बहुसांस्कृतिक शिक्षा नेटवर्क खानागावा कर्परेट

# बिदेशीहरुका लागि जीवन यापन गर्न ओरिएन्टेशन

खावासाकीमा सुरक्षित र आनन्दपूर्वक बस्नका लागिको ओरिएन्टेशन हो। मुख्य बुँदा भूकम्प तथा प्राकृतिक आपत आइपरेको बारे, फोहोर फाल्ने तरिका, स्वास्थ्य बीमा , कर, पेन्सन, जाइर्युसिखाकु (निवास कार्ड सम्बन्धी) तथा अन्य उपयोगी जानकारीहरू दिइन्छ। सरल जापानी भाषामा व्याख्या गरिनेछ। अनुवादक पनि उपलब्ध छ।

मिति : २०२३ साल अक्टोबर १६ (सोम)
समय : ९ :००～१२:००
स्थान : खावासाकी नगरपालिका　पहिलो तल्लाको लबी
खावासाकी-सी खावासाकी-कु हिगासी तामाची 8
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, बहुसांस्कृतिक गतिविधि परिषद
☎ : ０４４－４３５－７０００
✉ : soudan39@kian.or.jp

**बुकिङ आवश्यक छैन**　**निःशुल्क !**



# केन्द्रको मुख्य भवनको प्रयोग बन्द गरिने सम्बन्धमा

खावासाकी अन्तर्राष्ट्रिय केन्द्र २०२३ साल अक्टोबर १ (आइत) देखि २०२४ साल जनवरी ३ (बुध) सम्म अवधिमा सुधार निर्माण कार्य गरिनेछ। कामको प्रकृति अनुसार , भवन प्रयोग बन्द गर्नु पर्ने हुन्छ, यसकारण निम्नलिखित केन्द्रको मुख्य भवनको सुविधा प्रयोग रोकिनेछ।

◆ हल, रिसेप्सन कक्ष, विशेष सम्मेलन कक्ष, विशेष संबोधन कक्ष, पहिला देखि पाँचौं सम्मका सम्मेलन कक्ष, किचेन, अन्तरक्रियाको लागि भाँडामा उपलब्ध भएको भवन सुविधा

◆ पुस्तकालय, सामाग्री कक्ष

◆ सूचना लबी, छलफल लबी, प्रदर्शन लबी र अन्य

**●प्रयोग गर्न मिल्ने ठाउँ●**

★ अर्को भवनको ठाउँहरु (रिक्रिएशन रूम, ६ र ७ सम्मेलन कक्षहरु), चिया रूम (किजुकिआन), बहुउद्देश्यी चौक आदिको सुविधाको लागि, सामान्यतया भाँडामा दिने गरेको प्रक्रिया जारी राखिनेछ।

★ भवन प्रयोग गर्न नमिल्ने अवधिमा पनि, रिसेप्सन सेवा, फ्रेन्डली नेट प्रयोगकर्ता टर्मिनलहरू प्रयोग गर्न सकिनेछ।

# हिटस्ट्रोकबाट बच्ने उपायहरु शुरु गर्नु भएको छ ?

हिटस्ट्रोक गम्भीर हुन पुगेमा ज्यान घातक पनि हुन सक्छ। पहिल्यै हिटस्ट्रोकबाट बच्ने उपायहरु लागू गरौं।



❶ तिर्खा नलागे पनि छिनछिनमा **पानी पिउने** बानी बसाल्ने

❷ हावाको आवतजावत राम्रो राखेर **कोठाको तापक्रम** 28℃ **भन्दा** कम राख्ने

❸ **शीतल हुने पोसाक, घामबाट बच्न छाता तथा टोपी**को प्रयोग गर्ने

❹ बा पर्याप्त मात्रामा निदाउने, राम्रो खानाले **सन्तुलनमा रहने**



# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला।** (नि:शुल्क)

## ZOOM प्रयोग गरेर ओन्लाइन परामर्श लिन सकिन्छ !

होमपेज बाट रिज़र्भेसन राख्नुहोला

परामर्श सेवाको समय ९ : ०० -१७ : ०० (**लंच ब्रेकको बेला पनि सेवा उपलब्ध छ**)

परामर्श सेवाको प्रत्यक्ष फोन नं. 044-455-8811

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*ओन्लाइन परामर्शको लागि निबेदन*

*खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज*

**＊ *प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा**

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने)

मिति र समय : २०२३ साल अगस्ट २० (आइत) र सेप्टेम्बर १७ (आइत) १४:०० ～ १६:००

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा